बिष्णुपुर गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, (सप्तरी)
२ नं. प्रदेश नेपाल

## ब्याक हो लोडर आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशनमिति : (२०७५/०१/२३ गते)

१) यस गाँउपालिकालई आवश्यक पर्ने तपसिलमा उल्लेख सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्तफर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचनाप्रकाशितगरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं (मिति २०७५।०२।२१ गते) दिनसम्म बोलपत्रफाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. ब. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को बोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्रफारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औ दिन मिति २०७५।०२।२२ गतेको दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४)बोलपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा राजविराज स्थित राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा रहेको धरौटी खाता च.हि.नं. २१८०३०३००७११२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममाजारी भएको कम्तीमा १२० दिन म्यादभएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा ३१ औं दिन मिति २०७५।०२।२२ गतेको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यतादिइनेछ ।

७)बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधनभएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन२०६३ (संशोधित) , सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

१०)बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०२/२०७४/०७५ | ब्याक हो लोडर | थान १ (एक) | ३,०००/- | १,०५,०००। |

प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत